**आ.व. ०८२/८३ को चौधौँ बैठक**

आज मिति २०८३ साल वैशाख १८ गते शुक्रबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पुर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री तेजनाथ पोखेल | सदस्य-सचिव | ९८५२६६०४६० | |

**अन्य**

अधिकृत छैटौं श्री शिव कुमार काम्बाङ

का.स. श्री धन बहादुर बुढाथोकी

निर्णयहरु:

निर्णय नं.१

यस गाउँपालिका, गाउँकार्यपालिकाको अघिल्लो बैठकहरुको निर्णयहरुको कार्यान्वयनको स्थितिबारे प्र.प्र.अ. श्री तेजनाथ पोखेलज्यूबाट बैठकमा जानकारी भयो साथै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-२

आ.व.०८२/०८३ को संघीय सशर्त अनुदान तर्फको स्वीकृत कार्यक्रम अनुसारको ठेक्का नं. NCB/WORS/PYRK/03/MSACRW/082/083 को Construction and Upgradation of Mewakha-Suketar Asphalt Concrete Road Works निर्माण कार्यको लागि मिति:२०८३/०१/१८ गते सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता भए पनि निर्माण व्यवसायी श्री पुजा एण्ड आर. डि. कन्स्ट्रक्सन, फिदिम, पाँचथरबाट मिति:२०८२/१२/१८ गते प्राप्त म्याद थप निवेदन र उल्लेख विविध कारणहरुका आधारमा उक्त कार्यको लागि निजले माग गरेको थप समयावधी अनुसार मिति:२०८३/०३/१० गते सम्मको लागि म्याद अवधि थप गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-३

आ.व.०८२/०८३ को संघीय विशेष अनुदानतर्फको स्वीकृत कार्यक्रम अनुसारको ठेक्का नं.NCB/WORKS/PYRM/05/MKDWSP/082/083 को Construction of Ward No 1 Mewaka-Kalimati Drinking Water Supply Project works निर्माण कार्यको लागि मिति:२०८२/०१/१८ गतेसम्म निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता भए पनि निर्माण व्यवसायी श्री फावाखोला निर्माण सेवा, बुढीगंगा, मोरङबाट मिति:२०८२/१२/२६ गते प्राप्त म्याद थप निवेदन र उल्लेख विविध कारणहरुका आधारमा उक्त कार्यको लागि निजले माग गरेको थप समयावधी अनुसार मिति:२०८३/०२/३० गते सम्मको लागि म्याद थप गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-४

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा-६१ र बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम-८१ को उपनियम-४ बमोजिम **अधिकृत छैटौं** श्री **रामकला कार्की**लाई बालकल्याण अधिकारी तोक्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-५

यस गाउँपालिका अन्तर्गत थेचम्बु स्वास्थ्य चौकीमा कार्यरत सि.अ.न.मी. श्री बसन्ता साँवाको आमा हाल बेलायतमा बस्दै आउनु भएकोमा उँहा जेष्ठ साथै अशक्त हुनु भएकोले स्याहार सुसार गर्नको लागि लागि मिति:२०८३/०१/०९ गते असाधारण विदा पाउँ भनि निवेदन दिनु भएकोमा, कोशी प्रदेशले जारी गरेको स्थानीय

सरकारी सेवा गठन सञ्चालन सेवाको दफा-१२ को उपदफा-१२१ बमोजिम १ वर्षको लागि मिति:२०८३/०१/१४ गतेबाट लागु हुने गरी असाधारण विदा स्वीकृत गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-६

यस कार्यालयमा निवेदन दिएका तपसिल बमोजिमका निवेदकलाई विपन्न नागरिक उपचार सहायता कोष (औषधीपचार) बाट व्ययभार हुनेगरी आर्थिक सहायता उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

तपसिल:

| क्र.स. | निवेदकको नामथर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | पदम तिवारी | पाथीभरा याङवरक-३, तिरिङ्गे, ताप्लेजुङ। | ३०००० | |
| २ | कर्ण बहादुर लिम्बु | पाथीभरा याङवरक-३, तिरिङ्गे, ताप्लेजुङ। | ३०००० | |
| ३ | जीत बहादुर लिम्बु | पाथीभरा याङवरक-३, तिरिङ्गे, ताप्लेजुङ। | १५००० | |
| ४ | सुमन लिम्बु | पाथीभरा याङवरक-२, थेचम्बु, ताप्लेजुङ। | ३०००० | |
| ५ | धन बहादुर गुरुङ | पाथीभरा याङवरक-१, नाङखोल्याङ, ताप्लेजुङ। | ३०००० | |

निर्णय नं.-७

पाथीभरा याङवरक गाउँपालिकाको क्षेत्रभित्र रहेका सडकहरु वर्षातका समयमा बिग्री अवरुद्ध हुने भएकोले मिति:२०८३/०२/०१ गते देखि मिति: २०८३ असोज मसान्तसम्मको लागि सम्बन्धित वडाको सिफारिसका आधारमा सडक हेरालुहरुलाई देहायबमोजिम जिम्मेवारी दिई करारसेवा शुल्क शिर्षकबाट बढीमा मासिक १२,०००।- भुक्तानी हुने गरी कामकाजमा लगाउने सर्वसहमतिले निर्णय गरियो।

तपसिल:

| क्र.स. | वडा नं. | सडक हेरालुको संख्या |
|---|---|---|
| १ | वडा नं.-१, नाङखोल्याङ | ४ |
| २ | वडा नं.-२, थेचम्बु | ४ |
| ३ | वडा नं.-३, तिरिङ्गे | ४ |
| ४ | वडा नं.-४, डुम्रिसे | २ |
| ५ | वडा नं.-५, चाक्सीबोटे | २ |
| ६ | वडा नं.-६, थुम्वेदिन | ३ |
| | जम्मा | १९ |

निर्णय नं.-८

गाउँपालिका राष्ट्रिय महासंघ नेपालको वार्षिक सदस्यता शुल्कवापतको रकम रु.३०,०००।- (अक्षरेपी तीस हजार मात्र।) भुक्तानी गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-०९

यस गाउँपालिका भित्र कार्यरत कर्मचारीहरु र निर्वाचित जनप्रतिनिधिहरुलाई आउने वर्षातको समयलाई लक्षित गर्दै आवश्यता बमोजिम छाता र रेनकोट साथै मिति:२०८३/०२/०१ गतेबाट नियुक्ति हुने सडक हेरालुहरुलाई चाहिने आवश्यक सामाग्रीहरु कन्टेन्जेन्सीबाट उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो।

मिति २०८३/०५/१८ गतेको कार्यपालिका बैठकको निर्णय प्रमाणित।

२०८३/०५/१८